# नमुनाको लागि
# किदेराउसको पत्रिका प्रकाशन कार्यविधि, २०७७

स्वीकृत मिति : २०७७/०५/००

**प्रस्तावना :-**

नेपालमा एक बहु जात. जाति, भाषा, भाषी, धर्म, संस्कृति एवम् रीतिरिवाज भएको देश हो। यहाँ बसोबास गर्ने आदिवासी जनजातिहरुको आफ्नैपन छ। हाल नेपाल सरकारले ५९ जनजातिहरुको सुचिकृत गरेको छ। यी जनजातिहरु आफ्नो पहिचान, हक, अधिकार तथा उत्थान र विकासको लागि संगठित भएर लागिरहेका छन्। यस्तै जनजातिहरु मध्ये राई पनि एक हो। राईहरुको छाता संगठन एवम् राइहरुको सर्वोच्च संस्था किरात राई यायोक्खामा २९ थरिका राईहरु संगठित रहेका छन्। जस अन्तर्गतको एक थरि राई किरात देवास राई पनि हो। यस किरात देवास राईको छुट्टै गौरवमय इतिहास छ। आफ्नो छुट्टै भाषा, कला, संस्कृति, रीतिरिवाज छ। आफ्नो पहिचान, भाषा, कला, संस्कृति तथा रीतिरिवाजको संरक्षण तथा सम्बर्धन एवम् विकास तथा आफ्नो जातिलाई एकताको सुत्रमा बाँध्न र आफ्नो कला, भाषा, संस्कृतिको खोज, अनुसन्धानका लागि किरात देवास राईले वि.सं. २०६१ मा "किरात देवास राई उत्थान समाज नेपाल" नामक वैधानिक रुपमा संस्था दर्ता गरी निरन्तर लागिरहेको छ। यस किरात देवास राईले आफ्नो जातिको पहिचान, भाषा तथा सस्कृतिको संरक्षण तथा विकासमा टेवा पुग्ने उदेश्यले संस्था संग सम्बन्धित एवम् संस्थाकै मातहतमा चल्नेगरी अनलाइन मिडिया तथा पत्रिका प्रकाशनको कार्यलाई व्यवस्थित गर्न विधानको दफा २४ ले दिएको अधिकार प्रयोग गर्दै यो कार्यविधि जारी गरिएको छ। यो कार्यविधि किरात देवास राई उत्थान समाज नेपालको केन्द्रिय कार्य समितिको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "किदेराउसको पत्रिका प्रकाशन कार्यविधि, २०७७" रहेकोछ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) "केन्द्रिय समिति" भन्नाले किरात देवास राई उत्थान समाज नेपाल, केन्द्रिय कार्य समितिलाई सम्झनु पर्छ।

ख) "प्रदेश समिति" भन्नाले किरात देवास राईको प्रदेश समितिलाई सम्झनु पर्छ।

ग) "जिल्ला समिति" भन्नाले किरात देवास राईको जिल्ला समितिलाई सम्झनु पर्छ।

घ) "स्थानीय समिति" भन्नाले किरात देवास राईको स्थानीय तहको समितिलाई सम्झनु पर्छ।

ङ) "नियवाली" भन्नाले नेपाल सरकारले जारी गरेको छापाखाना तथा प्रकाशन सम्बन्धि नियमावली, २०४९ लाई सम्झनु पर्छ।

च) "ऐन" भन्नाले नेपाल सरकारले जारी गरेको छापाखाना तथा प्रकाशन सम्बन्धि ऐन, २०२८ लाई सम्झनु पर्छ।

छ) "विधान" भन्नाले किरात देवास राई उत्थान समाज नेपालको विधानलाई सम्झनु पर्छ।

ज) "अध्यक्ष" भन्नाले किरात देवास राई उत्थान समाज नेपाल, केन्द्रिय कार्य समितिको अध्यक्षलाई सम्झनु पर्छ।

झ) "उपाध्यक्ष" भन्नाले किरात देवास राई उत्थान समाजको नेपाल, केन्द्रिय कार्य समितिको उपाध्यक्षलाई सम्झनु पर्छ।

ञ) "महासचिव" भन्नाले किरात देवास राई उत्थान समाज नेपाल, केन्द्रिय कार्य समितिको महासचिवलाई सम्झनु पर्छ।

ट) "कोषाध्यक्ष" भन्नाले किरात देवास राई उत्थान समाज नेपाल, केन्द्रिय कार्य समितिको कोषाध्यक्षलाई सम्झनु पर्छ।

ठ) "सचिव" भन्नाले किरात देवास राई उत्थान समाज नेपाल, केन्द्रिय कार्य समितिको सचिवलाई सम्झनु पर्छ।

ड) "सदस्य" भन्नाले किरात देवास राई उत्थान समाज नेपाल. केन्द्रिय कार्य समितिको सदस्यहरुलाई सम्झनु पर्छ।

ढ) "सल्लाहकार" भन्नाले किरात देवास राई उत्तथान समाज नेपाल, केन्द्रिय कार्य समितिको सल्लाहकारलाई सम्झनु पर्छ।

ण) "संयोजक" भन्नाले केन्द्रिय समितिबाट पत्रिका प्रकाशन तथा विधानमा विभाग गठनको क्रममा छनोट गरेको संयोजकलाई सम्झनु पर्छ।

त) "पत्रिका प्रकाशन समिति" भन्नाले पत्रिका प्रकाशनको लागि केन्द्रिय समितिले गठन गरेको पत्रिका प्रकाशन समितिलाई सम्झनु पर्छ।

थ) "पत्रिका व्यवस्थापन समिति" भन्नाले पत्रिका प्रकाशन एवम् व्यवस्थापनमा सहयोग गर्न केन्द्रिय समितिले गठन गरेको पत्रिका व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

द) "संरक्षक" भन्नाले पत्रिकाको संरक्षकको रुपमा केन्द्रिय समितिका अध्यक्षलाई सम्झनु पर्छ।

## परिच्छेद – २

## पत्रिका प्रकाशनको प्रक्रिया :

### ३. पत्रिका प्रकाशनको प्रक्रिया :-

यस संस्थाले प्रकाशन गर्ने पत्रिका समितिको निर्णयानुसार देहाय बमोजिमको प्रकिया पुरा गर्नेछ : -

क) पत्रिका समितिको निर्णयानुसार अनलाइन तथा पेपरमा प्रकाशन गर्न सक्नेछ।

ख) समितिको निर्णयानुसार प्रकाशन गरिने पत्रिकाको किसिम छनौट गरिनेछ। (जस्तै :- दैनिक, साप्ताहिक, पाक्षिक,मासिक, त्रैमासिक, क्षापिक, बार्षिक आदि।)

ग) पत्रिका प्रकाशनको लागि छुट्टै कम्पनि दर्ता पनि गर्न सक्नेछ।

घ) आवश्यक कर्मचारीहरुको नियुक्ति सम्बन्धि व्यवस्था यस संस्थाको विधानको दफा ३१ मा व्यवस्था भए बमोजिम हुनेछ।

ङ) पत्रिकाको सम्बन्धी तपसिल अनुसारको निर्णय समितिले तोके बमोजिम हुनेछ :

अ) नाम

आ) किसिम

इ) भाषा

ई) आकार

उ) पृष्ठ संख्या

ऊ) छापिने संख्या

ऋ) प्रकाशित हुने स्थान

ऌ) प्रकाशित हुने दिन

ऍ) पत्रिकाको कार्यालय रहने स्थान (स्थायी तथा अस्थायी)

ऐ) आवश्यक कर्मचारीको नियुक्ति

**४. पत्रिका प्रकाशन समिति : -**

क) संस्थाले प्रकाशन गर्ने वा संस्थाकै मातहतमा संस्था दर्ता गरी प्रकाशन गर्ने जुनसुकै किसिम वा प्रकारको पत्रिका प्रकाशनको लागि समिति वा समितिले तोकेको कुनै सदस्य वा विधान अनुसार प्रकाशन विभागको संयोजकको जिम्मा लिएको सदस्यबाट पत्रिका प्रकाशन समिति बढीमा ११ सदस्यीय समिति गठन गर्नसक्नेछ।

ख) दफा ४ को (क) बमोजिम गठन गरिएका समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

अ) पत्रिका प्रकाशनको लागि आवश्यक सुझाव समिति संग लिने।

आ) नियुक्त गरिएका कर्मचारीहरुको रेखदेख तथा काम काजको मुल्यांकन गर्ने।

इ) कर्मचारीहरुलाई आवश्यक राय, सल्लाह सुझाव तह सहयोग गर्ने।

ई) कुनै कर्मचारीले आफ्नो जिम्मेवार पुरा नगरेको देखिएमा कारवाहीको लागि समितिलाई सिफारिस गर्ने।

उ) पत्रिकालाई स्तरीय बनाउन आवश्यक भूमिका निर्वाह गर्ने।

ऊ) पत्रिकाको प्रकाशन गर्ने लेख रचानाकको विधाहरुको स्तम्भहरु निर्धारण गर्ने।

ऋ) प्राप्त विज्ञापनको मुल्य निर्धारण गर्ने।

ऌ) पत्रिकाको लागि आवश्यक पर्ने लेख रचना, विज्ञापन, आर्थिक संकलन जस्ता आदि कार्यको लागि कर्मचारी तथा पत्रिका प्रकाशन व्यवस्थापन समितिलाई सहयोग गर्ने।

ऍ) प्रकाशित पत्रिका एक स्थानबाट अर्को स्थान र समुदायमा वितरणको लागि व्यवस्थापन समिति तथा केन्द्रिय समितिलाई सहयोग गर्ने।

ऎ) पत्रिका प्रकाशन गर्दा देखिएका समस्याको पहिचान गर्ने र समाधान गर्ने। यदि प्रकाशन समितिले समाधान गर्न नसकिएमा समयमै समितिलाई जानकारी गराउने।

ए) पत्रिका प्रकाशन सम्बन्धि आवश्यक प्रस्ताव, सल्लाह सुझाव तथा राय पत्रिका प्रकाशन व्यवस्थापन समिति तथा केन्द्रिय समितिमा पेश गर्ने।

ऐ) पत्रिकाको अन्तिम ढांचा तयार भएपछि मुद्रणको लागि छापाखाना सम्म पुर्याउने।

ऑ) प्रकाशित हुने प्रत्येक पत्रिकाको अंकको प्रतिबेदन केन्द्र समितिलाई पेश गर्ने।

ऒ) पत्रिका प्रकाशनको लागि आवश्यक नियम तथा कार्यविधि बनाइ लागु गर्ने।

ओ) आफ्नो भाषामा विविन्न विधामा पत्रिका प्रकाशन गर्न प्रोत्साहित गर्ने कार्य गर्ने र सहयोग लागि आवश्यक पहल गर्ने ।

**५. पत्रिका प्रकाशन व्यवस्थापन समिति :-**

क) यस संस्थाले पत्रिका प्रकाशनको कार्यलाई व्यवस्थित गर्न, आवश्यक आर्थिक संकलन गर्न साथै प्रकाशित पत्रिका तोकिएको स्थानहरुमा पुर्याउन तथा वितरण गर्न केन्द्रिय समिति वा समितिले तोकेको सदस्य वा सम्बन्धित विभागको संयोजको अध्यक्षतामा कम्तिमा ९ जना र बढीमा १७ सदस्यीय पत्रिका प्रकाशन समिति गठन गर्न सक्नेछ।

ख) दफा ५ को (क) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

अ) पत्रिका प्रकाशनको लागि आवश्यक लाग्ने खर्चको व्यवस्था गर्ने।

आ) विज्ञापन खोज्ने तथा प्रकाशित पत्रिका बारे प्रचार प्रसार गर्ने।

इ) पत्रिका प्रकाशनको लागि आवश्यक पर्ने लेख रचनाहरु जिल्ला तथा स्थानीय तहबाट संकलन गरी प्रक्षण समितिलाई उपलब्ध गराउन सहयोग गर्ने।

ई) प्रकाशित पत्रिका तोकिएको स्थान सम्म पुर्याउने र वितरण गर्ने साथै पत्रिकामा तोकिएको मूल्य रकम पत्रिका प्रकाशन व्यवस्थापन समितिको खातामा जम्मा गर्ने र आवश्यकता अनुसार प्रकाशन समितिलाई उपलब्ध गराउने।

उ) पत्रिका प्रकाशन सम्बन्धि आवश्यक राय,सल्लाह सुझाव प्रकाशन समिति र केन्द्रिय समितिमा पेश गर्ने।

ऊ) वार्षिक आम्दानी खर्च विवरणको लागत राखी सो को विवरण केन्द्र समितिमा पेश गर्ने।

ऋ) प्रकाशन हुने प्रति अंकको बारे भएका गतिविधि सहितको प्रतिवेदन केन्द्रिय समितिमा पेश गर्ने।

ऌ) पत्रिअका प्रक्षनको लागि प्रकाशन समितिलाई आवश्यक सहयोग गर्ने।

ऍ) प्रकाशन व्यवस्थापनको क्रममा भएका अवसर तथा चुनौतीको सम्भव भएसम्म समाधानको प्रयास गर्ने। यदि नसकेमा सो समस्याको समाधानको लागि केन्द्रीय समिति संग सहयोग लिई समाधान गर्ने।

ऎ) पत्रिका प्रकाशन तथा व्यवस्थापनको लागि आवश्यक नियम तथा कार्यविधि बनाइ लागु गर्ने।

ए) आफ्नो भाषामा विविन्न विधामा पत्रिका प्रकाशन गर्न प्रोत्साहित गर्ने कार्य गर्ने र सहयोग लागि आवश्यक पहल गर्ने ।

## परिच्छेद -३
## विविध :

**६. भाषा :**

पत्रिका प्रकाशन गरिने लेखा रचनाहरु देवनागरी लिपिमा हुनेछ भने भाषा देवास राई भाषा र नेपाली दुवै भाषामा लेखिनेछ , प्रकाशन गरिनेछ।

**७. नियम बनाउने अधिकार :**

यस संस्थाले प्रकाशन गर्ने पत्रिकाको प्रकाशन, व्यवस्थापन, कर्मचारी नियुक्ति लगाएतका आवश्यक पर्ने नियम प्रचलित ऐन कानुनको अधिनमा रही नियम बनाउने अधिकार केन्द्रिय कार्य समितिलाई मात्र हुनेछ।

**८. संरक्षक :**

यस संस्थाले प्रकाशन गर्ने पत्रिकाको संरक्षत्वको भूमिका संस्थाको केन्द्रिय समितिका अध्यक्षले निर्वाह गर्नेछ।

९. **पत्रिका बन्द गर्नु परेमा :**
यस संस्थाले प्रकाशन गर्ने पत्रिका विविध  कारणवस बन्द गर्नुपरेमा प्रचलित ऐन कानुमा व्यवस्था भएको अनुसार प्रक्रिया पुरा गरी बन्द गरिनेछ।

१०. यस कार्य विधिको आधारमा कार्य सम्पादन गर्न कुनै द्विविधा वा बाधा उत्पन भएमा केन्द्रिय समितिको बैठकले निर्णय गरे अनुसार हुनेछ।

११. यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित नियम ऐन कानुमामा व्यवस्था भए बमोजिम हुनेछ।

१२. यस कार्य विधिमा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित नियम ऐन कानुन, संविधानसंग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ।

१३. यस कार्यविधिमा उल्लेख हुन नसकेका एवम् प्रचलित कानुनमा पनि व्यवस्था नभएका कुरा तोके बमोजिम हुनेछ।

**१४. खारेजी र बचाउ :**
यस अघि भएगरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ र आवश्यकता अनुसार केन्द्रिय समितिको बैठकले यो कार्य विधिको संशोधन र खारेज गर्न सक्नेछ।